मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9854028218
9802592799
9803474311
9817806395

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

वर्ष ४ • अंक २४४ • २०८३ साल श्रावण २५ गते सोमबार • Monday 10, August 2026 • सूर्योदय: बिहान ०५:२२ बजे • सूर्यास्त: साँझ ०७:०१ बजे • पृष्ठ ४ • मूल्य रु. ५/-

## ९ लाख रुपैयाँ बराबरको अवैध सामान बरामद

**मधेशदृष्टि**
**सिरहा ।**
सशस्त्र प्रहरी बलको टोलीले सिरहा जिल्लाका विभिन्न सीमा क्षेत्रबाट चोरी–पैठारी गरी ल्याइएका करिब नौ लाख रुपैयाँ बराबरका अवैध सामान बरामद गरेको छ । सशस्त्र प्रहरी बल नेपाल नम्बर ७ गण हेडक्वार्टर सिरहाका अनुसार सीमावर्ती इलाकामा सञ्चालन गरिएको विशेष गस्ती तथा जाँचका क्रममा मोटरसाइकल, लत्ताकपडा, कस्मेटिक सामग्री, किराना सामान तथा विभिन्न ब्राण्डका मदिरा नियन्त्रणमा लिइएको हो । बरामद गरिएका सामानको कुल अनुमानित बजार मूल्य ८ लाख ९७ हजार ९ सय ७९ रुपैयाँ रहेको छ । नियन्त्रणमा लिइएका सबै सामग्रीलाई आवश्यक कानुनी प्रक्रिया पूरा गरी दाखिलाका लागि भन्सार कार्यालय पठाइएको गणले जनाएको छ ।



**सिलिण्डरसहित लामबद्ध बसेका उपभोक्ता:** जुम्लाको चन्दननाथ नगरपालिका–६ स्थित बसपार्कमा रहेको लुना सप्लायर्समा आइतबार खाना पकाउने एलपी ग्यासका लागि सिलिण्डरसहित लामबद्ध बसेका उपभोक्ता । रासस

# दशक पुग्न लाग्दा पनि धनुषाका दर्जनौँ पुल अधुरै

**मधेशदृष्टि**
**जनकपुरधाम।**
धनुषामा निर्माण थालिएको एक दशक बित्न लाग्दा पनि एक दर्जनभन्दा बढी पुल अलपत्र अवस्थामा छन् । निर्माण कम्पनीको ढिलासुस्ती, सीमा विवाद, डिजाइन पुनरावलोकन तथा अदालतको आदेशलगायतका कारण लामो समयदेखि पुल निर्माणले गति लिन सकेको छैन । पुल समयमै निर्माण नहुँदा आयोजनाको लागत बढ्दै गएको छ भने सर्वसाधारणले आवागमनमा ठूलो सास्ती खेप्नुपरेको छ।



ढल्केबर–जनकपुर–जटही ६ लेन सडकखण्डअन्तर्गत पर्ने दूधमती नदीको पुल यसको प्रमुख उदाहरण हो । दुई वर्षभित्र निर्माण सम्पन्न गर्ने गरी २०७६ सालमा ठेक्का सम्झौता भएको उक्त पुल दुईपटक म्याद थपिसक्दा पनि पूरा हुन सकेको छैन । ६ लेन सडक निर्माण भइसके पनि पुल नबन्दा सडकखण्ड पूर्ण रूपमा सञ्चालनमा आउन सकेको छैन । पुल निर्माणस्थलमा व्यवस्थित डाइभर्सनसमेत नहुँदा यात्रु तथा सवारीसाधनलाई थप समस्या हुने गरेको छ।

दूधमती पुलको भौतिक प्रगति करिब ५२ प्रतिशत रहेको जनाइएको छ । १३ करोड रुपैयाँमा ठेक्का सम्झौता भएको उक्त आयोजनामा निर्माण कम्पनीले हालसम्म करिब ५१ प्रतिशत रकम भुक्तानी लिइसकेको छ।

महेन्द्रनगरदेखि धनुषाधाम जोड्ने मिथिला मध्यमा परिक्रमा सडकअन्तर्गत जल्लाद खोलामा निर्माण भइरहेको पुलको अवस्था पनि उस्तै छ । निर्माण सुरु भएको करिब एक दशक पुग्न लाग्दा पनि पुल सम्पन्न हुन सकेको छैन । दुहबी–हरसा सडकखण्डअन्तर्गत डुमरिया खोलामा निर्माणाधीन पुलले पनि नौ वर्ष बितिसक्दा पूर्णता पाएको छैन । यी दुवै पुलको भौतिक तथा वित्तीय प्रगति ५० प्रतिशतभन्दा माथि देखाइएको छ।

यस्तै, जमुनी नदीमा निर्माण गर्न लागिएका तीनवटा पुल सीमा विवादका कारण प्रभावित भएका छन् । भारतीय पक्षबाट निर्माणमा अवरोध भएको बताइएको छ । केही पुलमा डिजाइन पुनरावलोकन र अदालतबाट जारी निषेधाज्ञाका कारण पनि काम अघि बढ्न सकेको छैन।

लामो समयदेखि अलपत्र रहेका ढल्केबर–जनकपुर–जटही ६ लेन सडकखण्डमा पर्ने बसही खोला, जल्लाद नदी, पाथर खोला र दूधमती नदीका पुल निर्माणका लागि सडक डिभिजन कार्यालय जनकपुरले ठेक्का सम्झौता तोडेर नयाँ प्रक्रियामार्फत काम अघि बढाएको छ । पटक–पटक म्याद थप गर्दा पनि निर्माण सम्पन्न नभएपछि ठेक्का तोड्ने निर्णय गरिएको कार्यालयले जनाएको छ।

पुल निर्माणमा मात्रै होइन, सडक निर्माणका अन्य आयोजनामा पनि निर्माण कम्पनीको ढिलासुस्ती देखिएको छ । सडक डिभिजन कार्यालय जनकपुरले समयमै काम नगर्ने निर्माण कम्पनीसँग विभिन्न ६ वटा सडक आयोजनाको ठेक्का सम्झौता समेत तोडेको छ।

सडक डिभिजन कार्यालय जनकपुरका अनुसार धनुषामा हाल १० वटा पुल निर्माणाधीन अवस्थामा छन् । तीमध्ये सातवटा पुलको निर्माण सम्पन्न गर्नुपर्ने म्याद समाप्त भइसकेको छ । तर, म्याद गुज्रिए पनि निर्माण कार्यले अपेक्षित गति लिन सकेको छैन।

लामो समयसम्म पुल निर्माण पूरा नहुँदा एकातर्फ राज्यको लगानी जोखिममा परेको छ भने अर्कोतर्फ नागरिकले दैनिक आवागमनमा समस्या भोगिरहेका छन् । सडक निर्माणसँगै पुल निर्माणलाई पनि प्राथमिकताका साथ अघि नबढाउँदा तयार भइसकेका सडकसमेत पूर्ण रूपमा उपयोगमा आउन नसकेको अवस्था छ।

## सुबोध स्मृति पत्रकारिता पुरस्कार महेशचन्द्र गौतमलाई प्रदान गरिने



मधेशदृष्टि
वीरगंज।
वीरगंजबाट प्रकाशन हुदैं आएको प्रतीक दैनिकले प्रदान गर्दै आएको सुबोध स्मृति पत्रकारिता पुरस्कार यस वर्ष वीरगंजका पत्रकार महेशचन्द्र गौतमलाई प्रदान गरिने भएको छ । प्रतीक दैनिकको सम्पादक मण्डलको बैठकले पत्रकारिता क्षेत्रमा गौतमले पुर्‍याएको योगदानको कदर गर्दै उक्त पुरस्कार प्रदान गर्ने निर्णय गरेको हो।

प्रतीक प्रकाशन समूहको ४०औं वार्षिकोत्सवको अवसरमा आगामी भदौ १ गते आयोजना हुने समारोहमा गौतमलाई ५१ हजार रुपैयाँ नगद राशीसहितको सुबोध स्मृति पत्रकारिता पुरस्कार प्रदान गरिने जनाइएको छ । यसैगरी, प्रतीक दैनिकले गत वर्षदेखि प्रदान गर्न थालेको स्वर्गीय चिरञ्जीवी कोइराला पत्रकारिता पुरस्कार यस वर्ष अर्जुन चौधरीलाई प्रदान गर्ने निर्णय गरेको छ । १५ हजार रुपैयाँ राशिको उक्त पुरस्कार पनि वार्षिकोत्सव समारोहकै अवसरमा प्रदान गरिनेछ।

यसैगरी, प्रतीक दैनिकले स्तम्भकार राजेन्द्र कोइरालालाई स्तम्भकार पुरस्कार प्रदान गर्ने निर्णय गरेको छ । यसैगरि, सम्बाददाताहरू मध्येमा प्रतीक दैनिकका ठोरी संवाददाता चिरञ्जीवी सापकोटा र कर्मचारी तर्फ सहायक मेशीन अपरेटर विजय श्रेष्ठलाई वार्षिकोत्सव समारोहमा पुरस्कृत गरिने जनाइएको छ।

## सुधारकेन्द्रमा मृत्यु भएपछि विरोध प्रदर्शन

**मधेशदृष्टि**
**जनकपुरधाम।**
धनुषाको सुधार केन्द्रमा एक व्यक्तिको मृत्यु भएपछि आफन्त प्रदर्शनमा उत्रिएका छन् । धनुषाधाम नगरपालिका–९ स्थित शुभेच्छा फाउन्डेसन सुधार केन्द्रमा शनिबार (साउन २३) साँझ गणेशमान चारनाथ नगरपालिका–४ का ४० वर्षीय मजिबुल राइनको मृत्यु भएको हो।

जिल्ला प्रहरी कार्यालय धनुषाका डीएसपी मधुसूदन न्यौपानेले घटना शंकास्पद देखिएको जानकारी दिए। अस्पताल लैजाँदा राइनको मृत्यु भइसकेको थियो। मृत्युबारे पोस्टमार्टमबाट थप स्पष्ट हुने उनले बताए। परिवारको उपस्थितिबिना मुचुल्का गरिएको भन्दै आफन्तले राति सडक अवरुद्ध गरी प्रदर्शन गरेका थिए । त्यसपछि आइतबार (आज) छलफल हुने, आरोपितमाथि जाहेरी दिने र मुचुल्का पुनः गरिने सहमति भएको उनले बताए । राइनमाथि कुटपिट गरिएका कारण मृत्यु भएको आफन्तको आरोप छ।

## चोरीको सुन खरिद गरेको आरोपमा मुना भाई ज्वेलर्सका संचालक सर्राफ पक्राउ



**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंजको घण्टाघरस्थित मुना भाई ज्वेलर्सका सञ्चालक शंकर सर्राफलाई चोरीको सुन खरिद गरेको आरोपमा प्रहरीले पक्राउ गरेको छ । प्रहरीका अनुसार करिब दुई महिनाअघि पर्साको हरपतगंजका एक १३ वर्षीय बालकले करिब ३ तोला सुनका गहना १० हजार रुपैयाँमा बिक्री गरेको घटनाको अनुसन्धानका क्रममा सर्राफ पक्राउ परेका हुन्।

जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता तथा प्रहरी नायब उपरीक्षक चक्रबहादुर मल्लका अनुसार कास्कीको पोखरामा चोरी भएको सुन वीरगंज ल्याएर घण्टाघरस्थित मुना भाई ज्वलेर्समा बिक्री गरिएको खुलेपछि कास्की प्रहरीले पर्सा प्रहरीसँग समन्वय गरेको थियो । कास्की प्रहरीले चोरीको सुन बिक्री भएको स्थानबारे अनुसन्धान गर्दै वीरगंजको मुना भाई ज्वलेर्ससम्म पुगेपछि पर्सा प्रहरीको सहयोगमा सर्राफलाई पक्राउ गरिएको प्रहरीले जनाएको छ।

यता, मुना भाई ज्वलेर्सका सञ्चालकका दाजु मुनाले भने पसलले चोरीको सुन खरिद नगरेको दाबी गरेका छन् । उनका अनुसार प्रहरीले सुन बिक्री गर्ने भनिएका बालकले समेत आफूहरूले सुन बिक्री गरेको पसल स्पष्ट रूपमा पहिचान गर्न नसकेको र बयानमा फरक–फरक कुरा बताउँदै आएको बताएका छन्।

उनले प्रहरीले लगाएको आरोपबारे आफूहरूलाई पूर्ण जानकारी नभएको भन्दै चोरीको सुन खरिद नगरेको दाबी गरेका छन् । घटनाबारे कास्की र पर्सा प्रहरीले संयुक्त रूपमा थप अनुसन्धान गरिरहेको जनाएको छ।

# पर्सा–बारामा एलपी ग्यासको हाहाकार, घण्टौँ लाइनमा बस्न बाध्य उपभोक्ता

मधेशदृष्टि
वीरगंज।
पर्सा र बारामा खाना पकाउने एलपी ग्यासको अभाव अझै हट्न सकेको छैन । ग्यास लिन वीरगंजका विभिन्न बिक्री केन्द्र तथा डिलरमा उपभोक्ताको लामो भीड लाग्ने गरेको छ । घण्टौँसम्म लाइनमा बसेपछि मात्र सिलिन्डर पाउने अवस्था रहेको उपभोक्ताहरूले बताएका छन् । वीरगंज बजारमा ‘मनोज, बारा, सुपर, नारायणी’ लगायत विभिन्न कम्पनीका एलपी ग्यास सहज रूपमा उपलब्ध हुन नसक्दा उपभोक्ता थप समस्यामा परेका छन् । नियमित रूपमा घरघरमै डिलरमार्फत ग्यास पुग्ने गरेकोमा अहिले भने सिलिन्डर लिन उपभोक्ता आफैं बिक्री केन्द्रसम्म धाउनुपर्ने अवस्था आएको छ।

ग्यासको अभाव बढेपछि पर्सामा कालोबजारी तथा कृत्रिम अभाव सिर्जना गरिएको हुन सक्ने आशंकासमेत गरिएको छ । स्थानीय प्रशासनले सम्भावित कालोबजारी नियन्त्रण तथा वास्तविक अवस्था बुझ्न बजार अनुगमनलाई निरन्तरता दिँदै आएको छ । सरकारले आपूर्ति सहज बनाउने प्रयास गरिरहेको बताए पनि सर्वसाधारणले भने अझै सहज रूपमा एलपी ग्यास पाउन सकेका छैनन् । ग्यास विक्रेता संघ पर्साका अध्यक्ष वीरेन्द्र साहले कम्पनीबाट बजार र डिलरहरूमा ग्यास आपूर्ति भइरहे पनि मागको तुलनामा आपूर्ति पर्याप्त हुन नसक्दा समस्या कायमै रहेको बताए।

मुक्तिनाथ सप्लायर्स एण्ड सन्सका सञ्चालकसमेत रहेका साहका अनुसार पहिले एउटा खेपमा करिब ६० वटा भरिएका सिलिन्डर आउने गरेकामा अहिले ७० वटासम्म सिलिन्डर आउने गरेको छ । तर आपूर्ति परिमाण केही बढेपनि उपभोक्ताको माग अत्यधिक भएकाले बिक्रीको अवस्था असामान्य बनेको उनको भनाइ छ । ‘पहिलाभन्दा अहिले सप्लाई बढी भएपनि ग्यासको अभाव कायमै छ । ग्राहकहरूले घरमा ग्यास रहेको सिलिन्डरसमेत स्टक गरेर राखेकाले पनि अभाव देखिएको हो,’ साहले भने । उनका अनुसार पहिले एउटा खेपमा आएको ग्यास करिब दुई दिनसम्म बिक्री गर्न पुग्ने गरेको थियो । अहिले भने ग्यास बोकेको गाडी बिक्री केन्द्रमा आइपुग्नासाथ उपभोक्ताले सिलिन्डर लैजाने अवस्था छ । यसले बजारमा आपूर्ति र मागबीचको असन्तुलन झनै स्पष्ट पारेको छ।

साहले ग्यासको अभाव कम गर्न उपभोक्तालाई आवश्यकताअनुसार मात्रै सिलिन्डर खरिद गर्न आग्रह गरेका छन् । एकपटक ग्यास लिइसकेका उपभोक्ताले कम्तीमा १० दिनपछि मात्रै अर्को सिलिन्डर लिनुपर्ने व्यवस्था अपनाउन सके सबैलाई ग्यास उपलब्ध गराउन सहज हुने उनको भनाइ छ । उनले घरमा मौज्दात रहेको अवस्थामा पनि पुनः सिलिन्डर लिन खोज्ने प्रवृत्तिले वास्तविक रूपमा ग्यास आवश्यक परेका उपभोक्ता समस्यामा परेको बताए । ‘आवश्यकताअनुसार मात्रै ग्यास खरिद गरौँ, अरू उपभोक्ताले पनि पाउने अवसर दिऔँ,’ उनको आग्रह छ।

यसैबीच, ग्यास अभावको मौका छोपेर कालोबजारी वा कृत्रिम अभाव सिर्जना गरिएको भए त्यसलाई नियन्त्रण गर्न स्थानीय प्रशासनको अनुगमन अझ प्रभावकारी बनाउनुपर्ने मागसमेत उठेको छ । एकातिर कम्पनीबाट आपूर्ति भइरहेको दाबी छ भने अर्कोतर्फ उपभोक्ता घण्टौँ लाइनमा बस्नुपर्ने अवस्था छ । यसले बजारमा ग्यासको वास्तविक आपूर्ति, वितरण प्रणाली र उपभोक्तासम्म पुग्ने प्रक्रियामै प्रश्न खडा गरेको छ।

सरकारले आपूर्ति बढाउने प्रयाससँगै वितरणमा देखिएको असन्तुलन, अनावश्यक स्टक तथा सम्भावित कालोबजारीमाथि प्रभावकारी निगरानी गर्न सके मात्रै पर्सा–बाराका उपभोक्ताले ग्यासका लागि घण्टौँ लाइन बस्नुपर्ने बाध्यता अन्त्य हुने देखिन्छ।

# मधेशका आधाभन्दा बढी महिला रक्तअल्पताको जोखिममा

मधेशदृष्टि
जनकपुरधाम।
मधेश प्रदेशमा आधाभन्दा बढी महिला रक्तअल्पताबाट पीडित रहेको तथ्य सार्वजनिक भएको छ । नेपालका अन्य प्रदेशको तुलनामा मधेशमा महिलामा रक्तअल्पताको अवस्था सबैभन्दा गम्भीर देखिएको हो । नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण २०२२ अनुसार मधेशका ५२ दशमलव ४ प्रतिशत महिला रक्तअल्पताबाट प्रभावित छन् । यो देशका सातै प्रदेशमध्ये सबैभन्दा उच्च दर हो । लुम्बिनीमा ४४ दशमलव ४ प्रतिशत महिला रक्तअल्पताबाट पीडित छन् भने कर्णालीमा यो दर सबैभन्दा कम २१ दशमलव २ प्रतिशत रहेको छ।



शरीरमा आवश्यक मात्राभन्दा कम हेमोग्लोबिन वा रातो रक्तकोष हुनु रक्तअल्पता हो । विशेषगरी प्रजनन उमेर समूहका महिला, गर्भवती तथा पाँच वर्षमुनिका बालबालिकामा यसको जोखिम बढी हुने गरेको स्वास्थ्य क्षेत्रका जानकारहरू बताउँछन् । मधेशमा गर्भवती महिलाको अवस्था झनै चिन्ताजनक देखिएको छ । परीक्षण गरिएका गर्भवती महिलामध्ये झन्डै ६० प्रतिशतमा रक्तअल्पता भेटिनुले मातृ तथा शिशु स्वास्थ्यमा थप जोखिम देखाएको छ । गर्भावस्था र प्रसूतीका क्रममा रगतको आवश्यकता बढ्ने भए पनि पर्याप्त पोषण नपाउँदा समस्या थप गम्भीर बन्ने गरेको छ।

रक्तअल्पता हुनुका विभिन्न कारण छन् । महिनावारी, प्रसूती, गर्भपतन वा ठूलो चोटपटकका कारण अत्यधिक रक्तस्राव हुनु, शरीरमा आइरन तथा अन्य पोषक तत्त्वको कमी हुनु र विभिन्न रोगका कारण रगतमा कमी आउनु प्रमुख कारण हुन् । मधेशमा भने पोषणयुक्त खानाको अभावसँगै उपलब्ध खानेकुरा पनि सन्तुलित रूपमा सेवन नगर्ने प्रवृत्ति, स्वास्थ्यसम्बन्धी जनचेतनाको कमी र स्वास्थ्य संस्थाबाट निःशुल्क उपलब्ध हुने आइरन चक्की नियमित सेवन नगर्नेजस्ता कारणले समस्या बढाएको देखिन्छ।

समयमै पहिचान र उपचार नभए रक्तअल्पताले स्वास्थ्यमा गम्भीर असर पार्न सक्छ । अत्यधिक थकान, चक्कर लाग्ने, सास फेर्न गाह्रो हुने, मुटुको धड्कन बढ्ने, हातखुट्टा सुन्निने तथा छाला वा आँखाको रंग पहेँलो देखिनेजस्ता समस्या देखिन सक्छन् । गर्भवती महिलामा रक्तअल्पता हुँदा आमा र बच्चा दुवैको स्वास्थ्य जोखिममा पर्न सक्छ।

स्वास्थ्यकर्मीहरूका अनुसार रक्तअल्पता रोकथामका लागि खानपानमा विशेष ध्यान दिन आवश्यक छ । हरियो सागसब्जी, गेडागुडी, दाल, माछा, मासु र अण्डाजस्ता आइरन तथा प्रोटिनयुक्त खानेकुरालाई नियमित आहारमा समावेश गर्नुपर्छ । आइरन शरीरमा राम्रोसँग अवशोषण गर्न कागती, सुन्तलालगायत भिटामिन ‘सी’ युक्त फलफूल उपयोगी हुन्छन् । खाना खाएलगत्तै चिया तथा कफी सेवन गर्ने बानी घटाउन पनि चिकित्सकहरूले सुझाव दिने गरेका छन्।

त्यसैगरी, स्वास्थ्य संस्थामा नियमित रगत परीक्षण गराउने, चिकित्सकको सल्लाहअनुसार आइरन तथा आवश्यक भिटामिन सेवन गर्ने र गर्भवती तथा प्रसूतीपछिका महिलाको पोषणमा विशेष ध्यान दिनुपर्ने देखिन्छ । मधेशका आठै जिल्लामा स्वास्थ्य संस्था तथा सडकको पहुँच विस्तार हुँदै गए पनि पोषण र स्वास्थ्यसम्बन्धी चेतनाको कमीका कारण महिलामा रक्तअल्पताको दर उच्च देखिएको छ । मातृ मृत्युदर घटाउने तथा जनस्वास्थ्य सुधारका सरकारी लक्ष्य हासिल गर्न रक्तअल्पता नियन्त्रणलाई प्राथमिकतामा राख्दै समुदायस्तरमै पोषण र स्वास्थ्य सचेतनाका कार्यक्रम विस्तार गर्नुपर्ने आवश्यकता देखिएको छ।

## सम्पादकीय

# मधेशलाई अयोध्या होइन, न्याय चाहिएको छ

मधेशको पहिचान केवल एउटा धर्मको पहिचान होइन । यो मिथिला, जनकपुर, सीता, मैथिली, भोजपुरी, उर्दू, मन्दिर, मस्जिद, साझा बजार, साझा संस्कृति र पुस्तौँदेखि सँगै बाँच्दै आएका मानिसहरूको मिश्रित सामाजिक संसार हो । यही कारण मधेशमा ‘जय सियाराम’ केवल धार्मिक अभिवादन थिएन, त्यसमा सीता र रामलाई एउटै सांस्कृतिक स्मृतिमा जोड्ने आत्मीयता थियो । तर पछिल्ला वर्षहरूमा ‘जय सियाराम’को ठाउँमा ‘जय श्रीराम’को बढ्दो सार्वजनिक प्रयोगले एउटा गम्भीर प्रश्न जन्माएको छ ‘के मधेशको धार्मिक भाषा पनि राजनीतिक पहिचानको भाषामा रूपान्तरण हुँदैछ ?’ कसैले ‘जय श्रीराम’ भन्नु आफैंमा आपत्तिको विषय होइन । धार्मिक स्वतन्त्रता लोकतन्त्रको आधारभूत अधिकार हो । समस्या त्यतिबेला सुरु हुन्छ, जब धार्मिक प्रतीक आस्थाको अभिव्यक्तिबाट शक्ति प्रदर्शनको साधन बन्छ । जब एउटा समुदायको धार्मिक उत्साह अर्को समुदायका लागि असुरक्षाको संकेत बन्न थाल्छ, त्यहाँ प्रश्न धर्मको मात्र रहँदैन ‘राज्य, राजनीति र सामाजिक विश्वासको प्रश्न बन्छ ।’

कप्तानगञ्जमा देखिएको तनावलाई त्यसैले एउटा स्थानीय झडप भनेर मात्र बुझ्नु गम्भीर भूल हुनेछ । एउटा व्यक्तिको अपराधलाई समुदायको अपराध बनाउने, एउटा पीडितलाई उसको नागरिक परिचयभन्दा पहिले धार्मिक समुदायको सदस्यका रूपमा हेर्ने र अपुष्ट सूचनालाई साम्प्रदायिक निष्कर्षमा बदल्ने प्रवृत्ति खतरनाक संकेत हो । यस्तो वातावरणमा न्याय कमजोर हुन्छ र भीडको फैसला बलियो बन्छ । मधेशमा अर्को जोखिम पनि बढिरहेको छ ‘मधेशी पहिचानलाई धार्मिक बहुमतसँग जोड्ने प्रयास ।’ मधेशी हुनु कुनै एउटा धर्मको सदस्य हुनु होइन । मधेशी मुस्लिम पनि यही माटोका नागरिक हुन् । उनीहरूको भाषा, संस्कृति, व्यापार, परिवार र सामाजिक इतिहास मधेशकै विकासक्रमसँग गाँसिएको छ । ‘मधेशी’ शब्द ‘हिन्दु मधेशी’को पर्याय बन्न थाल्यो भने मधेशी मुस्लिम कहाँ जाने ? यो प्रश्न केवल अल्पसंख्यक समुदायको प्रश्न होइन, मधेशको लोकतान्त्रिक भविष्यको प्रश्न हो ।

भारतसँगको गहिरो सांस्कृतिक सम्बन्धका कारण सीमापारिको धार्मिक–राजनीतिक भाषाको प्रभाव मधेशमा पर्नु अस्वाभाविक होइन । तर मोबाइल, सामाजिक सञ्जाल र डिजिटल प्रचारले यो प्रभावलाई झनै तीव्र बनाएको छ । पुराना भिडियो नयाँ घटनाका नाममा फैलिन्छन्, अफवाहले तथ्यलाई उछिन्छ र स्थानीय विवाद साम्प्रदायिक प्रतिशोधको भाषामा अनुवाद हुन्छ । आज साम्प्रदायिक राजनीति सडकमा मात्र होइन, मानिसको मोबाइल स्क्रिनमा पनि निर्माण भइरहेको छ । यस्तो अवस्थामा राज्यको भूमिका निर्णायक हुन्छ । धर्मनिरपेक्षता संविधानको एउटा शब्द होइन, नागरिकले प्रहरी चौकी, प्रशासन र अदालतमा अनुभव गर्ने समान व्यवहार हो । हिन्दु परिवारले जति सुरक्षा पाउनुपर्छ, मुस्लिम परिवारले पनि उति नै पाउनुपर्छ । राज्यले पीडितको धर्म हेरेर होइन, उसको नागरिक अधिकार हेरेर न्याय गर्नुपर्छ । ‘राज्य निष्पक्ष भयो भने नागरिकता बलियो हुन्छ, राज्य पक्षपाती देखियो भने समुदायको सुरक्षा–मनोविज्ञान बलियो हुन्छ ।’ राजनीतिक दलहरूका लागि पनि यो चेतावनी हो । बेरोजगारी, गरिबी, शिक्षा, स्वास्थ्य, विकास र अधिकारका प्रश्नमा असफल भएपछि धार्मिक पहिचानको सहारा लिनु सजिलो राजनीति हुन सक्छ, तर यसको मूल्य समाजले चुकाउनुपर्छ ।

मिडियाले पनि तथ्य बेच्ने कि धार्मिक आक्रोश बेच्ने भन्ने निर्णय गर्नुपर्छ । धार्मिक नेताहरूले आफ्ना अनुयायीलाई आफ्नो धर्मप्रति प्रेम सिकाउने कि अर्को धर्मप्रति घृणा—यो पनि उनीहरूको नैतिक परीक्षा हो । ‘मधेशलाई अयोध्या बनाउनु आवश्यक छैन ।’ अयोध्याको आफ्नै धार्मिक महत्व छ, जनकपुरको आफ्नै सभ्यता छ, मिथिलाको आफ्नै स्मृति छ । मधेशको शक्ति एउटै धर्मको प्रभुत्वमा होइन, अनेक पहिचानले एउटै माटोलाई आफ्नो घर भन्न सक्ने क्षमतामा छ । आजको वास्तविक प्रश्न ‘जय सियाराम कि जय श्रीराम ?’ होइन । प्रश्न यति हो ‘धार्मिक नाराले छिमेकीलाई सुरक्षित बनाइरहेको छ कि डराइरहेको छ ? राज्यले नागरिकलाई उसको धर्मभन्दा पहिले नागरिकका रूपमा देखिरहेको छ कि छैन ? र मधेशी पहिचान सबै मधेशीको साझा पहिचान रहन्छ कि धार्मिक बहुमतको स्वामित्वमा पुग्दैछ ?’ मधेशले रोज्नुपर्ने बाटो स्पष्ट छ ‘धार्मिक प्रभुत्व होइन, सहअस्तित्वः भीडको न्याय होइन, राज्यको न्यायः अफवाह होइन, तथ्यः र पहिचानको राजनीति होइन, नागरिकताको समानता ।’ यही मधेशको शक्ति हो । यही यसको भविष्य पनि हो ।

# पर्यटन नीति एकातिर, बजेटको बाटो अर्कैतिर

टिकाराम सुनार



**सुदूरपश्चिम ।**
खप्तडका फाँटमा घाम झुल्किँदा पहाडका काखमा फैलिएको हरियालीले पर्यटकलाई बोलाउँछन् । अपि र साइपाल हिमालका सेता चुचुराले प्राकृतिक सौन्दर्यको कथा सुनाउँछन् । बडिमालिकाको आफ्नै धार्मिक महिमा छ । शुक्लाफाँटामा बाह्रसिङ्गाको बथान दौडिन्छ । रामारोशनका तालमा हिमालको छायाँ देखिन्छ भने घोडाघोडी तालमा चराको चिरबिरसँगै पर्यटनको सम्भावना पनि सुनिन्छ । त्रिपुरासुन्दरी, उग्रतारा, वैद्यनाथधाम, परशुरामधाम, मल्लिकार्जुनलगायत ऐतिहासिक तथा धार्मिक सम्पदा, पहाडी–हिमाली गाउँका मौलिक जीवनशैली, पदयात्रा, जलपर्यटन र साहसिक गतिविधि सुदूरपश्चिमको पर्यटन विकासका बलिया आधार हुन् ।

यी सम्भावनालाई सरकारले पनि वर्षौंदेखि आर्थिक समृद्धि, रोजगारी र उद्यमशीलतासँग जोडेर व्याख्या गर्दै आएको छ । आर्थिक सर्वेक्षणले पर्यटनलाई प्रदेशको विकासको प्रमुख सम्भावनाका रूपमा औँल्याएको छ । प्रदेशमा छुट्टै पर्यटन ऐन बनेको छ । पर्यटन गुरुयोजना तयार भएको छ । वार्षिक कार्यक्रम कार्यान्वयन कार्यविधिले पनि समुदायमा आधारित पर्यटन, होमस्टे, गन्तव्य प्रवद्र्धन र पर्यटकमैत्री पूर्वाधारलाई प्राथमिकता दिएको छ, तर नीति र योजनाले देखाएको बाटो र प्रदेश सरकारको बजेट कार्यान्वयनको तस्बिर भने फरक छ । प्रदेश सरकारले पर्यटनलाई उद्योग, रोजगारी र स्थानीय अर्थतन्त्रसँग जोड्ने लक्ष्य राखे पनि पर्यटन क्षेत्रका लागि विनियोजित बजेटको ठूलो हिस्सा अझै पनि छरिएका पूर्वाधार तथा संरचना निर्माणमै केन्द्रित छ । यस्ता कार्यले पर्यटन अर्थतन्त्र निर्माणमा सहयोग गर्न नसकिरहेको सरोकार भएकाहरूको भनाइ छ ।

**बजेटको ठूलो हिस्सा संरचनामै**
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको आर्थिक वर्ष २०८२÷८३ को पर्यटन क्षेत्रसम्बन्धी योजनाले यही अन्तरलाई देखाउँछ । मन्त्रालयले गत वर्ष पर्यटन क्षेत्रअन्तर्गत पूर्वाधार योजना तथा रोजगारी, क्षमता अभिवृद्धि तथा संस्थागत विकास, पर्यटन प्रवद्र्धन तथा प्रचारप्रसार र पर्यटकीय वस्तु तथा सेवा विस्तारका कार्यक्रम सञ्चालन गरेको थियो । ती कार्यक्रमका लागि रु ४६ करोड ३० लाख विनियोजन गरिएको थियो, तर विनियोजनको ठूलो हिस्सा पूर्वाधारमै खर्च भयो । पूर्वाधारतर्फ २९९ योजना कार्यान्वयनमा थिए । तीमध्ये धेरै योजना धार्मिक संरचनासँग सम्बन्धित थिए । मन्त्रालयको विवरणअनुसार १३३ मन्दिर, छ क्रिश्चियन मण्डली, दुई मस्जिद, एउटा थारू देउथान मरुवा, आठ धर्मशाला, एउटा मूर्ति निर्माण र २२ धार्मिक क्षेत्र घेरापर्खाल गरी धार्मिक क्षेत्रसँग सम्बन्धित १७४ योजना थिए ।

यी योजनामा रु २७ करोड दुई लाख खर्च भएको छ । यसले पूर्वाधारतर्फको खर्चको ठूलो हिस्सा अर्थात् ६०.२४ प्रतिशत रकम धार्मिक संरचनामा केन्द्रित भएको देखिन्छ । मन्दिर निर्माणमा मात्रै रु १८ करोड ६१ लाख खर्च भएको मन्त्रालयको विवरण छ, जुन कुल पर्यटन बजेटको करिब ३७ प्रतिशत हो । यस्तै, थारू देउथान तथा मरुवा निर्माणमा रु एक करोड ५० लाख, धर्मशाला निर्माणमा रु दुई करोड १० लाख, धार्मिक क्षेत्र व्यवस्थापन तथा घेरापर्खालमा रु दुई करोड ७३ लाख र मस्जिद निर्माणमा रु ४० लाख खर्च भएको छ । धार्मिक सम्पदामा गरिएको लगानीलाई पर्यटन विकासको महत्त्वपूर्ण हिस्सा मानिएको छ, तर त्यो लगानीले पर्यटकको आगमन, बसाइ, खर्च, स्थानीय उत्पादनको बिक्री र रोजगारी बढाउने पर्यटन चक्र निर्माण गर्न कति योगदान गर्‍यो भन्ने लेखाजोखा बाँकी छ ।

**सेवा विस्तारमा थोरै लगानी**
गत वर्ष पदमार्ग निर्माणका ६३ योजनामा रु आठ करोड २० लाख खर्च भएको छ । पर्यटकीय पार्क निर्माणका १८ योजनामा रु दुई करोड ९० लाख, सामाजिक भवन निर्माणका नौ योजनामा रु एक करोड ७३ लाख र ट्रस भवन निर्माणमा रु एक करोड १५ लाख खर्च भएको मन्त्रालयको विवरणमा उल्लेख छ । पदमार्ग, पार्क, धार्मिक सम्पदा र पर्यटकीय पूर्वाधार पर्यटनका लागि आवश्यक संरचना हुन्, तर संरचना निर्माणमात्रै पर्यटन उद्योगको आधार बन्न नसक्ने यस क्षेत्रका जानकारहरूको भनाइ छ । पर्यटक कुनै गन्तव्यमा पुगेर कति समय बस्छ, के खान्छ, स्थानीय उत्पादन के किन्छ, कुन सेवा प्रयोग गर्छ र त्यसबाट स्थानीय समुदायले कति आम्दानी गर्छ भन्ने विषयले पर्यटन अर्थतन्त्रको वास्तविक प्रभाव निर्धारण गर्ने नेपाल एसोसिएसन अफ टुर एन्ड ट्राभल एजेन्ट्स (नाट्टा) सुदूरपश्चिमका अध्यक्ष पदमविक्रम सिंहको भनाइ छ । प्रदेशको हालको पर्यटन विकास प्राथमिकताले दीर्घकालीन पर्यटन अर्थतन्त्र निर्माणमा पर्याप्त योगदान गर्न नसक्ने उनी बताउँछन् ।

‘सरकारको लगानीले समग्र प्रदेशको विकासमा कति योगदान गर्छ भन्ने लेखाजोखा गरेर योजना बनाइनुपर्छ । हालको विकास अभ्यासले तजबिजका आधारमा बजेट विनियोजन गर्ने प्रवृत्ति देखिन्छ । यसले पर्यटन क्षेत्रको दीर्घकालीन विकासमा योगदान गरिरहेको छैन’, सिंहले भने । सरकारले आफ्नै पर्यटन गुरुयोजना, नीति र अन्य प्रदेशले गरेका असल अभ्यासलाई आधार बनाएर लगानीको प्राथमिकता निर्धारण गर्नुपर्नेमा सिंह जोड दिन्छन् । ‘कसले के स्वार्थले माग राख्यो, त्यो मागको आवश्यकता के हो ? त्यसले पर्यटन विकासको प्राथमिकतासँग मेल खान्छ कि खाँदैन भनेर विश्लेषणपछि मात्रै कार्यान्वयन गरिनुपर्छ । हाल त्यस्तो भइरहेको छैन’, उनीले भने ।

**‘नीतिले खोजेको यस्तो होइन’**
सुदूरपश्चिम प्रदेश पर्यटन ऐन, २०७७ ले पर्यटनलाई आर्थिक विकास, रोजगारी सृजना, निजी लगानी, प्राकृतिक तथा सांस्कृतिक सम्पदाको संरक्षण र दिगो पर्यटन विकासको माध्यमका रूपमा परिकल्पना गरेको छ । पर्यटन गुरुयोजनाले पनि साहसिक पर्यटन, धार्मिक पर्यटन, प्रकृतिमा आधारित पर्यटन, निजी क्षेत्रको साझेदारी र स्थानीय समुदायको सहभागितामार्फत पर्यटन अर्थतन्त्र विस्तार गर्ने लक्ष्य लिएको छ । वार्षिक कार्यक्रम कार्यान्वयन कार्यविधिले समुदायमा आधारित पर्यटन, होमस्टे, पर्यटन प्रवद्र्धन, गन्तव्य विकास, पर्यटकमैत्री पूर्वाधार तथा सेवा विस्तारलाई प्राथमिकतामा राखेको छ ।

आर्थिक सर्वेक्षण २०८२÷८३ ले समेत सेवा क्षेत्रको विस्तार र रोजगारी सृजनामा पर्यटनको योगदान बढाउनुपर्ने आवश्यकता औँल्याएको छ, तर बजेटको वास्तविक संरचना हेर्दा नीति र योजनाअनुसार छैन । होमस्टे प्रवद्र्धन तथा भवन निर्माणका लागि गत वर्ष रु ५५ लाख खर्च भएको छ । पर्यटन क्षेत्र संरक्षणमा रु ५० लाख, प्राकृतिक ताल संरक्षणमा रु १५ लाख र पर्यटकीय क्षेत्रमा तारजालीका लागि रु १५ लाख खर्च भएको छ ।

सङ्ग्रहालय, पर्यटक सूचना केन्द्र, सार्वजनिक शौचालय, विश्रामस्थल तथा पर्यटक सेवासँग सम्बन्धित पूर्वाधारमा पनि तुलनात्मक रूपमा सीमित लगानी भएको देखिन्छ ।

**पर्यटन अर्थतन्त्र**
पर्यटन अर्थतन्त्रको प्रभाव भवन वा संरचना बनेपछि सकिँदैन । वास्तविक प्रभाव त पर्यटक गन्तव्यमा पुगेपछि सुरु हुन्छ । होटल, होमस्टे, स्थानीय खाना, हस्तकला, यातायात, सांस्कृतिक कार्यक्रम, साहसिक गतिविधि र स्थानीय उत्पादनको बिक्रीबाट समुदायले आम्दानी गर्छ । पर्यटकको बसाइ एक दिन लम्बिँदा पनि त्यसको प्रभाव होटल व्यवसायीदेखि किसान, चालकदेखि स्थानीय उद्यमीसम्म पुग्न सक्छ । संस्कृतिविद् पदमराज जोशी ‘प्रभात’ धार्मिक तथा सांस्कृतिक सम्पदा विकासका नाममा कुलदेउता र मष्ठाजस्ता धार्मिक संरचनामा राज्यको लगानी गर्नु पर्यटन विकासको दीर्घकालीन उपाय नभएको बताउँछन् । ‘सरकारलाई धार्मिक क्षेत्रमा लगानी गरिरहेका छौँ भन्ने लागिरहेको छ, तर त्यो अनुत्पादक छ । मष्ठा, कुलदेउताका मन्दिर कुलले नै बनाउने हो, त्यसमा राज्यको लगानी आवश्यक हो होइन सोचौँ’, उनी भन्छन्, ‘राज्यले त धार्मिक पर्यटनको सम्भावना भएका प्रमुख गन्तव्यलाई केन्द्रमा राखेर पूर्वाधार र सेवा विकास गर्न सक्नुपर्छ । त्यसको लाभ ठूलो भूगोल र समुदायले लिन सक्छ ।’

जोशी सुदूरपश्चिमका धेरै धार्मिक सम्पदाहरूले लगानी पर्खिरहेकाले त्यसमा ध्यान दिनुपर्ने बताउँछन् । ‘सुदूरपश्चिममा चार धाम छन् । भगवतीका शक्ति केन्द्र छन् । धार्मिक र प्राकृतिक दुवै हिसाबले विश्वप्रसिद्ध सम्पदा छन्, तिनको विकासले नेपालीमात्रै होइन, नजिकै रहेको भारतका करोडौँ नागरिकलाई आकर्षित गरेर धार्मिक पर्यटनको विकास गर्न सकिन्छ । त्यसबाट लाखौँ रोजगारी सृजना हुन्छ, त्यसतर्फ ध्यान दिन आवश्यक छ’, उनीले भने । मन्त्रालयको तथ्याङ्कअनुसार गत वर्ष कार्यान्वयन भएका पर्यटन क्षेत्रका कार्यक्रमबाट एक लाख ३६ हजार ३८० जनाले तत्कालका लागि प्रत्यक्ष रोजगारी पाएका छन्, तर त्यो दीर्घकालीन होइन । त्यसैले स्थायी रोजगारी सृजना, नयाँ उद्यम विकास, पर्यटकको बसाइ र स्थानीय समुदायको आम्दानी बढाउने संरचनामा लगानी गर्नुपर्ने नाट्टा सुदूरपश्चिमका अध्यक्ष सिंहको भनाइ छ ।

प्रदेश पर्यटन विकास कार्यक्रम कार्यान्वयन इकाईका प्रमुख डबलबहादुर बोहरा धेरैजसो योजना र बजेट धार्मिक मठ, मन्दिरजस्ता संरचनामा छरिँदा दिगो रोजगारी सृजना र गन्तव्य विकासमा पर्याप्त लगानी हुन नसकेको बताउँछन् । ‘आफ्नो आस्थाको धरोहर मष्ठा र कुलदेउताको थान बनाउन पनि सरकारकै लगानी खोज्ने प्रवृत्तिले यो समस्या देखिएको हो । हामीले चाहेर पनि त्यस्ता योजना छनोट हुने क्रमलाई रोक्न सकेका छैनौँ । सबै सचेत हुनुपर्ने आवश्यकता छ’, उनी भन्छन् ।

**गुरुयोजना नै मूल आधार**
सुदूरपश्चिमसँग धार्मिक सम्पदामात्रै होइन, हिमाली पर्यटन, पदयात्रा, कैलाश मानसरोवर मार्गसँग जोडिने सम्भावना र कर्णाली, महाकाली, सेतीलगायत नदीमा जलपर्यटन तथा समुदायमा आधारित होमस्टेका अनेक सम्भावना छन् । यी सम्भावनालाई आर्थिक शक्तिमा रूपान्तरण गर्न गन्तव्य व्यवस्थापन, डिजिटल प्रवद्र्धन, पर्यटन ब्रान्डिङ, निजी लगानी, स्थानीय उत्पादनको बजारीकरण र समुदायको क्षमता विकासमा निरन्तर लगानी आवश्यक छ । त्यसका लागि नीति र योजनाबीच तालमेल हुनुपर्ने आवश्यकता आफूहरूले पनि महसुस गरेको प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष डा जीवन राना बताउँछन् । ‘सुदूरपश्चिमको सबलता भनेकै प्राकृतिक र धार्मिक सम्पदा हुन् । यिनको विकासले धार्मिक आस्थाको संरक्षण र पर्यटन क्षेत्रमार्फत समग्र विकासको प्रवद्र्धनमा टेवा पुग्छ । गुरुयोजनाको अभिष्टअनुसार काम गरेमा सबै समस्या समाधान हुन्छ’, उनी भन्छन् ।

डा. रानाका अनुसार गुरुयोजना, नीति आयोगको सोच र राजनीतिक तहमा समेत बजेट छर्नेभन्दा दिगो, रूपान्तरणकारी, बहुवर्षीय लाभकारी र बहुउपयोगी क्षेत्रमा लगानी गर्ने सैद्धान्तिक सहमति भए पनि व्यवहारमा कार्यान्वयन हुनसकेको छैन । अब विगतका अनुभवबाट सिक्दै आगामी दिनमा सोहीअनुसार योजना र बजेट निर्माणमा ध्यान दिनुपर्नेमा उनीको जोड छ । उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयका सूचना अधिकारी उपसचिव भोजराज पाठक प्रदेशमा रहेका ठूला धार्मिकस्थल तथा पर्यटन गन्तव्यको विकास भएमा साना गन्तव्यको विकासमा समेत स्वतः टेवा पुग्ने धारणा राख्छन् ।

त्यसका लागि लगानीको प्राथमिकता गुरुयोजनासँग जोडिनुपर्नेमा उनको भनाइ छ । ‘धार्मिक क्षेत्रमै लगानी गर्ने हो भने पनि हामीसँग तमाम विकल्प छन् । त्यहाँ पर्यटन गुरुयोजनाअनुसार लगानी भएमा सबै क्षेत्रले लाभ लिने अवस्था बन्छ । त्यसैले योजना माग्ने, सिफारिस गर्ने र अनुमोदन गर्ने सरकारी प्रणालीलाई बदल्न आवश्यक छ’, पाठकको जोड छ ।

पर्यटन गुरुयोजनाले परिकल्पना गरेको गन्तव्य विकास, समुदायमा आधारित पर्यटन, निजी क्षेत्रको सहभागिता, स्थानीय उत्पादनको बजारीकरण, सेवा विस्तार र दिगो रोजगारीलाई बजेटको केन्द्रमा राख्न सकेमात्रै सुदूरपश्चिमको प्राकृतिक, धार्मिक र सांस्कृतिक सम्पदा आर्थिक शक्तिमा रूपान्तरण हुने जानकारहरू बताउँछन् । त्यसका लागि नीति र बजेट एउटै दिशामा हिँड्नुपर्ने सरोकार भएकाहरूको मत छ । रासस

# नेपालसहित विभिन्न देशमा आदिवासी दिवस मनाइयो



**मधेशदृष्टि**
**काठमाडौँ।**

नेपालसहित विभिन्न देशमा आइतबार विश्व आदिवासी दिवस मनाइएको छ । आदिवासी जनजातिको अधिकार, पहिचान, संस्कृति र जीवनपद्धतिको संरक्षण तथा उनीहरूका समस्याबारे विश्वव्यापी चेतना अभिवृद्धि गर्ने उद्देश्यले यो दिवस मनाउन थालिएको हो । सन् १९९४ डिसेम्बर २३ मा राष्ट्रसङ्घ महासभाले हरेक वर्ष अगस्ट ९ तारिखलाई विश्व आदिवासी दिवसका रूपमा मनाउने निर्णय गरेको थियो।

विश्व आदिवासी दिवसको अवसरमा राष्ट्रपति रामचन्द्र पौडेलले नेपालको बर्तमान संविधानले विविधतामा एकतालाई आत्मसात गर्दै सबै समुदायको हक र हितलाई सुनिश्चित गरेको बताएका छन्।

३२ औँ विश्व आदिवासी दिवसको अवसरमा आदिवासी जनजाति आयोगद्धारा आयोजित कार्यक्रमलाई सम्वोधन गर्दै राष्ट्रपति पौडेलले नेपाल एक बहुजातीय, बहुभाषिक, बहुधार्मिक र बहुसांस्कृतिक विशेषतायुक्त मुलुक भएको बताए।

उनले परापूर्वकालदेखि बसोबास गर्दै आएका आदिवासी जनजातिहरूको विशिष्ट पहिचान र संस्कृति नै नेपालको राष्ट्रिय गौरव भएको उल्लेख गरे।

राष्ट्रपति पौडेलले राज्यको नीति निर्माण र निर्णायक तहमा आदिवासी जनजातिको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्नु सरकारको दायित्व भएको भन्दै पछिल्लो तथ्याङ्क अनुसार, स्थानीय तहमा आदिवासी जनजातिको प्रतिनिधित्व उत्साहजनक रूपमा ३६.८ प्रतिशत रहेको स्पष्ट पारे।

यसैगरि उपराष्ट्रपति रामसहायप्रसाद यादवले आदिवासी जनजाति लगायत सीमान्तकृत समुदायको समानुपातिक प्रतिनिधित्व र राज्यका स्रोत–साधनमा समान पहुँच सुनिश्चित गर्नुपर्ने बताएका छन् । ३२औँ विश्व आदिवासी दिवसका अवसरमा आयोजित कार्यक्रममा उनले समावेशिता नारामा मात्र सीमित नराखी राज्यका नीति, योजना, स्रोत र साधनमा समान पहुँचका रूपमा कार्यान्वयन गर्नुपर्नेमा जोड दिएका हुन्।

# हरेक वर्ष कोशीको बाढी र कटानको दोहोरो त्रासमा चिलिया टापु



**सङ्गीता राई**
**सुनसरी ।**

‘हामी यहाँ बसाइँ सरी आएको समयमा कोशी नदी धेरै टाढा बग्थ्यो । अहिले त बस्तीमै आइपुगेको छ’, सुनसरीको बराहक्षेत्र नगरपालिका–६ स्थित श्रीलङ्का टापुका स्थानीय पदम राई भन्छन् । विसं २०७४ देखि सपरिवार यहाँ बसोबास गर्दै आएका राईले एक बिघा जमिनमा धान र मकैखेती गर्नुका साथै केही गाईभैँसी पालेर जीविकोपार्जन गर्दै आएका छन् । वर्षभरि दुःख गरेर खेतीपाती गरेर आम्दानी गर्नुभन्दा पनि बर्सेनि नजिकिँदै आएको सप्तकोशीले उनलाई बढी चिन्तित बनाएको छ । ‘हरेक वर्ष कटान बढ्दै गएको छ । अहिले हामी सबै मिलेर श्रमदान गर्दै बालुवा र सिमेन्टका बोरा भरेर किनार जोगाउने प्रयास गरिरहेका छौँ । तर ठूलो बाढी आयो भने यो प्रयासले मात्रै धान्न सक्दैन । यसले केही समयका लागि राहत त दिन्छ, तर यो स्थायी समाधान भने होइन’, राई भन्छन् । वर्षभरको खेतीपाती र पशुपालनबाट परिवारको गुजारा चल्ने भएपनि प्रत्येक बर्खामा बाढी तथा कटानले सबै मिहिनेत बगाइदिने चिन्ता भने उस्तै रहने गरेको उनी सुनाउँछन् । हरेक वर्ष बर्खा सुरु भएसँगै देशभर बाढीपहिरो र डुबानका घटना दोहोरिन्छन् । अत्यधिक वर्षाले जनधनको ठूलो क्षति पुर्याउने क्रम निरन्तर छ । सुनसरी पनि बाढी र डुबानको उच्च जोखिम भएका ठाउँहरूमध्ये एक हो । बर्खायाममा सप्तकोशीसहित विभिन्न नदीमा आउने बाढीले बस्ती डुबानमा पार्ने, खेतीयोग्य जमिन बगाउने तथा सडक र पुलमा क्षति पुर्याउने क्रम हरेक वर्ष दोहोरिने गरेको छ । तर सप्तकोशी नदी किनारका बस्तीका लागि बाढीमात्र होइन, नदीको तीव्र कटान पनि उत्तिकै ठूलो चुनौती बनेको छ ।

विशेषगरी बराहक्षेत्र नगरपालिका–६ र ९ स्थित चिलिया टापु, श्रीलङ्का टापुका बासिन्दा बर्सेनि बाढी र कटानको दोहोरो त्राससँगै जीवन बिताउन बाध्य छन् । बर्सेनि नदीले जमिन र बस्ती कटान गर्दै जोखिम बढाइरहे पनि यसको दीर्घकालीन समाधान अझै हुनसकेको छैन । बर्खा सुरु भएसँगै सुनसरी र उदयपुरको सिमानामा पर्ने चिलिया टापु जहाँ सप्तकोशीको बहाव बढेपछि चिलिया टापु तथा उदयपुरका बासिन्दाको चिन्ता पनि बढ्ने गर्छ । यस वर्ष पनि स्थानीय, नेपाल प्रहरी, सशस्त्र प्रहरी, नेपाली सेना तथा नगर प्रहरी संयुक्त रूपमा श्रमदान गरेर अस्थायी तटबन्ध निर्माण गर्दै बस्ती जोगाउने प्रयासमा जुटेका छन् ।

सप्तकोशी कटान नियन्त्रण समितिका अध्यक्ष जयकुमार माझीका अनुसार बर्सेनि बढ्दो कटानले चिलिया र श्रीलङ्का टापुको बस्ती उच्च जोखिममा पर्दै गएको छ । कटान नियन्त्रणका लागि यसअघि निर्माण गरिएका करिब १८ स्परमध्ये नौवटा पूर्ण रूपमा क्षतिग्रस्त भइसकेका छन् भने बाँकी स्पर नदीको कटानमा पर्दै गएको उनले बताए । ‘अहिले स्थानीय, नेपाल प्रहरी, सशस्त्र प्रहरी तथा बराहक्षेत्र नगरपालिका र उदयपुरको बेलका नगरपालिकाको समन्वयमा श्रमदान गरेर कटान रोक्ने प्रयास गरिरहेका छौँ । बाँस गाड्ने, नाइलनको डोरीले बाँधेर बालुवा भरिएका बोरा राख्नेजस्ता उपाय अपनाएका छौँ । तर यी अस्थायी उपायमात्र हुन् । दीर्घकालीन रूपमा बलियो तटबन्ध निर्माण र नदी व्यवस्थापनबिना समस्या समाधान हुँदैन’, माझी भन्छन् ।

बेलका नगरपालिकाका प्रमुख अशोक कार्कीले चिलिया र श्रीलङ्का टापुमा भइरहेको कटान नियन्त्रणका लागि विभिन्न सरोकारवाला निकायसँग समन्वय गरेर अस्थायी तटबन्ध निर्माण गरिएको बताए । कोशी बक्राहा नदी नियन्त्रण आयोजनामार्फत पहिलो चरणमा पाँच हजार ५०० थान बोरा र ७० थान डोरीजाली उपलब्ध गराइएको उनले जानकारी दिए । सप्तकोशीले धार परिवर्तन गरेर बनाएको चिलिया टापु अहिले पनि हजारौँ मानिसको आश्रयस्थल हो । बराहक्षेत्र नगरपालिका–६ र ९ तथा उदयपुरको बेलका नगरपालिका–१, २ र ३ मा फैलिएको यस क्षेत्रमा हरेक बर्खासँगै नदीको बहाव बढ्ने गर्छ । यस वर्ष पनि चिलिया र गरैया क्षेत्रमा नदीले तीव्र कटान थालेपछि सयौँ परिवार फेरि त्रासमा बाँचिरहेका छन् ।

बेलका नगरका प्रमुख कार्कीका अनुसार अहिले करिब ६०० घरपरिवार प्रत्यक्ष जोखिममा छन् । बेलका–८ क्षेत्रमा गरिएको संरक्षण कार्यले केही राहत दिएको भए पनि तल्लो तटीय क्षेत्रमा नदीको कटान अझै रोकिएको छैन । सप्तकोशीले विस्तारै धार पश्चिमतर्फ मोड्ने सङ्केत देखिएको छ, जहाँ बाक्लो मानव बस्ती रहेकाले जोखिम झन् बढ्दै गएको उनको भनाइ छ ।

गत वर्ष कटान रोक्ने उद्देश्यले निर्माण गरिएका तारजालीयुक्त संरचनासमेत अहिले नदीको बहावमा डुब्न थालेका छन् । स्थानीय भीम राईका अनुसार असारदेखि सुरु भएको कटान अब झन् बढ्दै जाने खतरा बढेको छ । बलौटे माटो भएकाले दैनिक रूपमा जमिन बगाइरहेको छ भने संरक्षणका लागि राखिएका ढुङ्गा र तारजालीसमेत नदीले बगाउँदै लगेको छ । बर्खा सुरु भएपछि यहाँका बासिन्दाले बाढीभन्दा बढी कटानको त्रास भोग्दै आएका छन् । बर्सेनि खेतीयोग्य जमिन साँघुरिँदै जानु, घर नजिकै नदी आइपुग्नु र आवश्यक पर्दा बस्ती नै छाडेर हिँड्नुपर्ने अवस्था दोहोरिँदा यहाँका नागरिकका लागि बर्खायाम प्राकृतिक मौसम नभई अस्तित्व जोगाउने सङ्घर्ष नै बनेको छ । बराहक्षेत्र नगरप्रमुख रमेश कार्कीका अनुसार चिलिया टापुमा भइरहेको कटान रोक्न नगरपालिकाले आफ्नो क्षमताअनुसार आवश्यक सबै स्रोतसाधन परिचालन गरेको छ । कटान प्रभावित क्षेत्रमा जेसिभी, ट्याक्टर, बालुवा ढुवानीका साधन, जाली, बोरा, सिमेन्टलगायत आवश्यक सामग्री उपलब्ध गराएर स्थानीय र सुरक्षा निकायसँग समन्वय गरी तटबन्ध निर्माण तथा कटान नियन्त्रणको काम भइरहेको छ ।

नगरप्रमुख कार्कीले भने, ‘कोशीको कटान यहाँको मात्र समस्या नभई राष्ट्रिय सरोकारको विषय हो । नगरपालिकाको सीमित बजेट र स्रोत साधनले बर्सेनि दोहोरिने कटानको स्थायी समाधान सम्भव छैन । हामीले आफ्नोतर्फबाट गर्न सकिने सबै प्रयास गरिरहेका छौँ, तर सप्तकोशीजस्तो शक्तिशाली नदी नियन्त्रणका लागि वैज्ञानिक अध्ययनका आधारमा दीर्घकालीन संरचना निर्माण गर्न आवश्यक छ ।’ गत वर्ष निर्माण गरिएका स्परसमेत ठूलो बाढीले बगाएको छ । स्परमात्र बनाएर पुग्दैन, उपयुक्त स्थानमा ड्याम, नोच तथा अन्य नदी नियन्त्रणका संरचना निर्माण गर्न सकियो भने कटान धेरै हदसम्म नियन्त्रण गर्न सकिन्छ । त्यसका लागि सङ्घीय सरकारले पर्याप्त बजेट विनियोजन गरी दीर्घकालीन योजना कार्यान्वयन गर्नु आवश्यक रहेको नगरप्रमुख कार्कीको भनाइ छ । यदि कटान बढ्दै गएर बस्तीमा बाढी पस्यो भने ठूलो धनजनको क्षति हुनसक्छ, दीर्घकालीन समाधानका लागि सङ्घीय सरकारको सहयोग, पर्याप्त बजेट र आवश्यक परे छिमेकी मुलुकसँग कूटनीतिक पहल पनि आवश्यक रहेको उनको भनाइ छ । ‘यस विषयमा मन्त्रीहरूसँग बसेर विस्तृत छलफल गर्ने इच्छा छ । पटकपटक काठमाडौँ गए पनि सम्बन्धित मन्त्रीहरूसँग भेटेर समस्या राख्ने अवसर पाउन सकेको छैन’, उनले भने ।

करिब तीन हजार जनसंख्या रहेको यस क्षेत्रमा अधिकांश परिवारको जीविकोपार्जन कृषि र पशुपालनमा आधारित छ । धान, मकै, तरकारीखेती, पशुपालन तथा दुग्ध उत्पादन यहाँको ग्रामीण अर्थतन्त्रको मुख्य आधार हो । प्रत्येक बर्खामा बाढी र कटानको जोखिमसँग जुध्दै स्थानीयले श्रमदान गरेर अस्थायी तटबन्ध र सामूहिक पहलमार्फत बस्ती र खेतीयोग्य जमिन जोगाउने प्रयास गर्दै आएका छन् । तर यस्ता प्रयासले तत्काल केही राहत दिए पनि दीर्घकालीन समाधान दिनसकेको छैन । रासस

# ‘एउटा रुख काट्दा कम्तीमा १० वटा रुख रोपौँ’: वनमन्त्री चौधरी

**मधेशदृष्टि**
**वीरगंज।**

मधेश प्रदेश सरकारका वन तथा वातावरणमन्त्री शंकरप्रसाद चौधरीले एउटा रुख काट्दा कम्तीमा १० वटा रुख रोप्ने नीति अवलम्बन गर्न साझेदारी वन उपभोक्ता समूहलाई आग्रह गरेका छन् । उनले वन संरक्षण सरकारको मात्र जिम्मेवारी नभई स्थानीय जनता र उपभोक्तासमेत त्यसप्रति उत्तिकै जिम्मेवार हुनुपर्नेमा जोड दिए । पर्साको सबैया साझेदारी वन उपभोक्ता समूहको प्रथम साधारण सभालाई सम्बोधन गर्दै मन्त्री चौधरीले दिगो वन व्यवस्थापनका लागि वृक्षरोपणसँगै वन संरक्षणमा स्थानीय समुदायको सक्रिय सहभागिता आवश्यक रहेको बताए।



समूहका अध्यक्ष लखनलाल साह कानुको अध्यक्षतामा सम्पन्न सभामा प्रमुख अतिथिका रूपमा सहभागी मन्त्री चौधरीले २०३६ सालदेखि हुँदै आएको वन विनाश नियन्त्रण गर्ने उद्देश्यले साझेदारी वन उपभोक्ता समूहको अवधारणा अघि बढाइएको उल्लेख गरे । वन संरक्षणको मूल उद्देश्यलाई व्यवहारमा उतार्न सरकार, उपभोक्ता र स्थानीय समुदाय सबै पक्ष जिम्मेवार भएर अघि बढ्नुपर्ने उनको भनाइ थियो । मन्त्री चौधरीले वनमा काठ सडेर खेर जाने अवस्था रहेपनि उपभोक्ताले आवश्यकताअनुसार सहज रूपमा काठ प्राप्त गर्न नसक्नु गम्भीर विषय भएको बताए । वन व्यवस्थापन तथा काठ उपभोगसँग सम्बन्धित झन्झटिला नियमका कारण देखिएका समस्या समाधान गर्न प्रक्रिया सरल र सहज बनाउनुपर्नेमा उनले जोड दिए।

‘वन जोगाउने जिम्मेवारी सरकारको मात्रै होइन, स्थानीय जनता र उपभोक्ताको पनि हो,’ भन्ने धारणा अघि सार्दै मन्त्री चौधरीले वृक्षरोपण र संरक्षणलाई अभियानकै रूपमा अघि बढाउन सुझाव दिए । कार्यक्रमका विशिष्ट अतिथि मधेश प्रदेशका भूमि व्यवस्था तथा सहकारीमन्त्री श्याम पटेलले केही व्यक्तिको स्वार्थका कारण साझेदारी वनको प्रभावकारी व्यवस्थापन हुन नसकेको आरोप लगाए । वनका जिम्मेवार पदाधिकारीले साझेदारी वनलाई केवल व्यापारिक दृष्टिकोणबाट हेर्न नहुने भन्दै सामाजिक सेवाको भावनासहित संरक्षण र व्यवस्थापनमा जुट्नुपर्ने उनले बताए।

वन संरक्षणलाई साझा दायित्वका रूपमा अघि बढाउनुपर्नेमा जोड दिँदै मन्त्री पटेलले वन जोगाउने काम सरकारको मात्र जिम्मेवारी नभई सम्पूर्ण नागरिकको साझा दायित्व भएको उल्लेख गरे । उनले वन संरक्षणमा सबै पक्ष एकजुट भएर लाग्नुपर्ने बताए । सोही क्रममा मन्त्री पटेलले मधेश प्रदेशका किसानले खेतीपातीका लागि आवश्यक रासायनिक मलको अभाव झेलिरहेको विषयसमेत उठाए । संघीय सरकारले पर्याप्त मल उपलब्ध नगराउँदा किसानले समस्या भोग्नुपरेको उनको भनाइ थियो । प्रदेश सरकारलाई कागजमा मल उपलब्ध हुने गरे पनि त्यसलाई स्थानीय तहमा समयमै हस्तान्तरण गरी किसानसम्म पुऱ्याउने काम भइरहेको उनले बताए।

कार्यक्रममा जिल्ला समन्वय समिति पर्साका प्रमुख निरञ्जनप्रसाद साह सोनार, डिभिजन वन कार्यालय पर्साका प्रमुख मन्जुर अहमद, सबैया साझेदारी वन उपभोक्ता समूहका उपाध्यक्ष असलम आलम तथा सदस्यहरू श्रवण साह, भैयाराम पटेल, जगतनारायणप्रसाद यादव, सुरेशकुमार, राजीव साह सोनार, रामअयोध्या राउत अहिर, राधिका भक्त लामा र रिता देवी कलवारिन लगायतको उपस्थिति थियो । त्यसैगरी सशस्त्र प्रहरी बल नेपाल नं. १३ गण हेडक्वार्टर पर्साका प्रमुख प्रहरी उपरीक्षक मोहनबहादुर क्षेत्रीसहित विभिन्न क्षेत्रका प्रतिनिधि तथा सरोकारवालाहरूको सहभागिता रहेको थियो।

# धनुषा, महोत्तरी र सर्लाहीका ग्रामीण क्षेत्रका भौतिक पूर्वाधार निर्माण प्राथमिकतामा

**जनकपुरधाम ।**

मधेश प्रदेशको धनुषा, महोत्तरी र सर्लाही जिल्लामा गत आर्थिक वर्ष २०८२/८३ मा ग्रामीण क्षेत्रका भौतिक पूर्वाधार निर्माणमा उल्लेखनीय प्रगति भएको छ । सङ्घीय सहरी विकास तथा भवन निर्माण कार्यालयका अनुसार उक्त अवधिमा विद्यालय भवन, सडक, नाला, कल्भर्ट, सामुदायिक भवनलगायत संरचना निर्माणलाई प्राथमिकताका साथ अघि बढाइएको हो । कार्यालयका सूचना अधिकारी एवं इञ्जिनियर सुधिर साहका अनुसार तीन जिल्लामा १२ वटा विद्यालय भवन निर्माण सम्पन्न भएका छन् । तीमध्ये सर्लाहीमा सात तथा धनुषा र महोत्तरीमा एक÷एक वटा विद्यालय भवन निर्माण भएका हुन् । त्यसैगरी, धनुषा, महोत्तरी र सर्लाहीमा एक÷एक वटा सामुदायिक भवन निर्माण भएका छन् ।



महोत्तरीमा एउटा स्वास्थ्य भवन निर्माण सम्पन्न भएको छ भने महोत्तरीमा एउटा र सर्लाहीमा दुई वटा आपतकालीन आश्रयस्थल (इमर्जेन्सी सेल्टर) निर्माण गरिएको सूचना अधिकारी साहले जानकारी दिनुभयो । सडक पूर्वाधारतर्फ सबैभन्दा बढी प्रगति महोत्तरी जिल्लामा देखिएको छ ।

सडकको आधारभूत तह निर्माणतर्फ धनुषामा २३ हजार १८६ मिटर, महोत्तरीमा आठ हजार ७४७ मिटर र सर्लाहीमा ७०० मिटर काम भएको छ । त्यस्तै, धनुषामा तीन हजार ५९० मिटर, महोत्तरीमा आठ हजार ५८३ मिटर र सर्लाहीमा चार हजार २८ मिटर कालोपत्र सडक निर्माण भएको कार्यालयले जनाएको छ ।

सडक ढलानतर्फ धनुषामा ३३९ मिटर, महोत्तरीमा एक हजार ३४७ मिटर र सर्लाहीमा एक हजार ४११ मिटर निर्माण भएको छ ।

नाला निर्माणतर्फ धनुषामा पाँच हजार ३०५ मिटर, महोत्तरीमा एक हजार ५९० मिटर र सर्लाहीमा ४१० मिटर काम सम्पन्न भएको छ । ‘कम्पाउन्ड वाल’ निर्माणतर्फ धनुषामा १३४ मिटर, महोत्तरीमा १६६ मिटर र सर्लाहीमा ७०० मिटर काम भएको छ । महोत्तरीमा १९६ मिटर इन्टरलक रोड ( ब्लक छापिएको बाटो) सम्पन्न भएको छ भने धनुषामा १५० मिटर पोखरीघाट निर्माण गरिएको सङ्घीय सहरी विकास तथा भवन निर्माण कार्यालयले जनाएको छ ।

धनुषा र सर्लाहीमा दुई÷दुई वटा तथा महोत्तरीमा एउटा कल्भर्ट निर्माण भएका छन् । भवन निर्माण कार्यालय जनकपुरधामका प्रमुख विनोद सिंहले निरन्तर अनुगमन तथा समयमै बजेट कार्यान्वयन गरिएकाले अधिकांश कार्य निर्धारित समयमा सम्पन्न भएका बताए । उनका अनुसार बाँकी काम पनि तोकिएको समयभित्र सम्पन्न गर्ने योजनाका साथ अघि बढाइएको छ ।

सडक, नाला, कल्भर्ट तथा सार्वजनिक भवन निर्माण समयमै सम्पन्न हुँदा आवागमन, शिक्षा, स्वास्थ्य तथा सामुदायिक सेवा प्रवाहमा सकारात्मक प्रभाव पर्ने अपेक्षा गरिएको स्थानीयवासीले बताएका छन् । रासस

# नेपालिज यङ्ग इन्टरप्रेन्योर्स फोरम वीरगंजलाई उत्कृष्ट शाखाको अवार्ड

**मधेशदृष्टि**
**वीरगंज ।**

नेपालिज यङ्ग इन्टरप्रेन्योर्स फोरम वीरगंज च्याप्टरले २०२५/२६ को ‘वर्षको उत्कृष्ट शाखा’ अवार्ड प्राप्त गरेको छ । च्याप्टर व्यवस्थापन, उत्कृष्ट नेतृत्व, सदस्य सहभागिता, प्रभावकारी कार्यक्रम तथा उद्यमशीलता प्रवद्र्धनमा पु-याएको योगदानको कदरस्वरूप वीरगंज च्याप्टरलाई उक्त सम्मान प्रदान गरिएको हो । च्याप्टरले तत्कालीन अध्यक्ष विश्वास शाहको नेतृत्वमा उद्यमशीलता विकास, व्यवसायिक नेटवर्किङ, क्षमता अभिवृद्धि, महिला उद्यमशीलता, नीति संवाद, खेलकुद तथा सामाजिक गतिविधिलगायतका विभिन्न कार्यक्रम सञ्चालन गरेको थियो । यस्ता गतिविधिमार्फत सदस्यहरूलाई जोड्दै व्यवसायिक अवसर सिर्जना गर्नुका साथै युवा उद्यमशीलतालाई प्रवद्र्धन गर्ने प्रयास गरिएको च्याप्टरका अध्यक्ष विश्वास शाहले बताए ।

# ग्यास लुकाएर बेच्ने व्यवसायीमाथि कारबाहीको चेतावनी



**मधेशदृष्टि**
**महोत्तरी।**
महोत्तरीमा खाना पकाउने ग्यासको कृत्रिम अभाव सिर्जना गरी सिलिन्डर लुकाएर राख्ने तथा पहुँच र चिनजानका आधारमा बिक्री वितरण गर्ने व्यवसायीमाथि प्रशासनले कडा कारबाही गर्ने चेतावनी दिएको छ। जिल्ला प्रशासन कार्यालय महोत्तरीले आइतबार सूचना जारी गर्दै जिल्लामा ग्यासको बिक्री वितरणमा अनियमितता भइरहेको गुनासो प्राप्त भएको जनाएको छ। प्रशासनका अनुसार विभिन्न ब्रान्डका ग्यास बिक्री गर्ने डिपो, पसल तथा व्यवसायीले उद्योग वा डिलरबाट ग्यास ल्याएर सर्वसाधारणलाई सहज रूपमा बिक्री नगरी आफू निकटका व्यक्ति, होटल तथा अन्य व्यवसायीलाई प्राथमिकता दिने गरेको गुनासो आएको छ। नियमित ग्राहकको माग बेवास्ता गर्ने, बिक्री गर्दा बिल नदिने तथा कारोबारसम्बन्धी बिल–बिजक र अभिलेख व्यवस्थित नराख्ने गतिविधिसमेत भइरहेको प्रशासनले जनाएको छ। त्यसैगरी, बजारमा अभाव देखाउने उद्देश्यले सिलिन्डर लुकाएर राख्ने र दर्ता तथा अनुमति नभएका विक्रेतालाई समेत ग्यास उपलब्ध गराउने गरेको गुनासो प्रशासनमा पुगेको छ। ग्यासको बिक्री वितरणमा हुने अनियमितता नियन्त्रण गर्न जिल्ला प्रशासन कार्यालयसहित सम्बन्धित अधिकारप्राप्त निकायले जिल्लाका डिपो, पसल, फर्म तथा कम्पनीको नियमित अनुगमन गरिरहेको जनाएको छ। बजारमा ग्यासको वास्तविक अवस्था र वितरण प्रणालीबारे जानकारी संकलन गर्न सादा पोशाकमा सुरक्षाकर्मीसमेत परिचालन गरिएको प्रशासनले जनाएको छ।

प्रशासनले सर्वसाधारण उपभोक्तालाई ग्यास उपलब्ध नगराई पहुँच र चिनजानका आधारमा बिक्री गर्ने, सिलिन्डर लुकाएर राख्ने वा कृत्रिम अभाव सिर्जना गर्ने कार्य कानूनविपरीत हुने स्पष्ट पारेको छ। यस्ता गतिविधिमा संलग्न व्यवसायी तथा डिपोमाथि प्रचलित कानूनअनुसार कारबाही गरिने र लुकाएर राखिएका ग्यास सिलिन्डरसमेत जफत गरिने चेतावनी दिइएको छ। ग्यास व्यवसायीलाई उद्योग तथा डिलरबाट प्राप्त सिलिन्डर पारदर्शी रूपमा बिक्री वितरण गर्न प्रशासनले निर्देशन दिएको छ। बिक्री गर्दा उपभोक्तालाई अनिवार्य रूपमा बिल–बिजक उपलब्ध गराउन तथा कारोबारको अभिलेख व्यवस्थित राख्नसमेत भनिएको छ।

महोत्तरीमा पछिल्लो समय ग्यासको आपूर्ति तथा वितरणलाई लिएर उपभोक्ताबाट गुनासो बढिरहेका बेला प्रशासनले अनुगमन र निगरानी तीव्र बनाएको हो। प्रशासनले उपभोक्ताको सहज पहुँच सुनिश्चित गर्न ग्यास बिक्री वितरणमा पारदर्शिता कायम गर्नुपर्नेमा जोड दिँदै कानूनविपरीत गतिविधि गर्ने व्यवसायीमाथि आगामी दिनमा थप कडाइ गर्ने जनाएको छ।

# ढल्केवरको ट्रमा सेन्टर सार्न खोजिएको भन्दै आन्दोलन चर्कियो



**मधेशदृष्टि**
**जनकपुरधाम।**
धनुषाको मिथिला नगरपालिका–९ ढल्केवरमा निर्माण गर्ने प्रक्रिया वर्षौंदेखि अघि बढाइएको राष्ट्रियस्तरको क्रिटिकल केयर तथा ट्रमा सेन्टर अन्यत्र सार्न खोजिएको भन्दै स्थानीयवासी र जनप्रतिनिधि आन्दोलित भएका छन्। आयोजनाका लागि जग्गा व्यवस्थापनदेखि मन्त्रिपरिषद्को स्वीकृतिसम्मको प्रक्रिया पूरा भइसकेको अवस्थामा सरकारले सिरहाको लहानमा ट्रमा सेन्टर स्थापना गर्ने घोषणा गरेपछि ढल्केवरवासी सडकमा उत्रिएका हुन्।

मिथिला नगरपालिकाका प्रमुख महेन्द्र महतोको संयोजकत्वमा ढल्केवर ट्रमा सेन्टर संरक्षण संघर्ष समिति गठन गरी स्थानीयले केही दिनयता निरन्तर शान्तिपूर्ण प्रदर्शन गर्दै आएका छन्। उनीहरूले वर्षौंको कानुनी तथा प्रशासनिक प्रक्रिया पूरा गरी अघि बढाइएको आयोजना एकाएक अन्यत्र सार्न खोज्नु आफूहरूमाथिको अन्याय भएको बताएका छन्।

विवाद चर्किनुको मुख्य कारण स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्री निशा मेहताले प्रतिनिधिसभाको बैठकमा मधेश प्रदेशको ट्रमा सेन्टर लहानमा स्थापना गरिने घोषणा गर्नु बनेको छ।

मन्त्रीको उक्त अभिव्यक्तिपछि ढल्केवरमा अघि बढाइएको आयोजनाको भविष्य अन्योलमा परेको भन्दै स्थानीयले विरोध जनाएका हुन्। स्थानीयका अनुसार ढल्केवरमा ट्रमा सेन्टर स्थापना गर्ने प्रक्रिया संघीय सरकारको आर्थिक वर्ष २०७७÷७८ को बजेटबाटै अघि बढेको थियो। राजमार्गमा हुने दुर्घटनालाई लक्षित गर्दै बढी दुर्घटना हुने क्षेत्रमा ट्रमा सेन्टर स्थापना गर्ने सरकारी नीतिअनुसार संघीय आयोजना कार्यान्वयन इकाई धनुषाले २०७७ मंसिर २३ गते मिथिला नगरपालिकालाई पत्राचार गरी उपयुक्त जग्गा उपलब्ध गराउन आग्रह गरेको थियो।

नगरपालिकाले २०७८ वैशाख २८ गते जग्गा उपलब्ध गराउने प्रतिबद्धता जनाएपछि प्रक्रिया अगाडि बढेको थियो। जग्गा पहिचानका क्रममा २०७८ चैत ५ गते तत्कालीन नगर प्रमुख हरिनारायण महतोको अध्यक्षतामा बसेको सर्वदलीय बैठकले ढल्केवरको गैरीटोलस्थित कित्ता नम्बर १६९ को ऐलानी जग्गामध्येबाट ट्रमा सेन्टरका लागि जग्गा उपलब्ध गराउने सहमति गरेको थियो। प्रस्तावित स्थान राजमार्गसँग जोडिने ६० फिट चौडा सडकको पहुँचमा रहेको भन्दै वडा कार्यालयले समेत सिफारिस गरेको थियो। त्यसपछि २०७९ सालमा ट्रमा सेन्टरको भौतिक संरचनाको टाइप डिजाइन तथा नक्सा स्वीकृत भएको र सम्बन्धित निकायबाट स्थलगत निरीक्षण गरी प्रतिवेदनसमेत तयार भएको स्थानीयको दाबी छ।

२०८० जेठ ३ गते नगर प्रमुख महेन्द्र महतोको अध्यक्षतामा बसेको नगर कार्यपालिका बैठकले कित्ता नम्बर १६९ को ऐलानी जग्गामध्ये चार बिघा जग्गा ट्रमा सेन्टरका लागि उपलब्ध गराउने निर्णय गरेको थियो। त्यसपछि नापी तथा मालपोत कार्यालयसँग सम्बन्धित प्रक्रिया अघि बढाइएको थियो।

स्थानीयका अनुसार २०८१ जेठ २८ गते तत्कालीन स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले कित्ता नम्बर १६९ को नदी उकास जग्गामध्ये चार बिघा तीन धुरमा ट्रमा सेन्टर निर्माणका लागि मन्त्रिपरिषद्मा प्रस्ताव लैजान सहमति दिएको थियो। सरकारी जग्गा उपयोगसम्बन्धी कार्यनीति, २०७९ अनुसार जग्गा प्रयोग गर्न सहमति दिइएको पत्रसमेत जारी भएको उनीहरूको भनाइ छ।

त्यसपछि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट मालपोत कार्यालय धनुषालाई श्रेस्ता कायम गर्न सिफारिस गरिएको र २०८२ माघ २० गते मालपोत कार्यालयका प्रतिनिधि तथा स्थानीयको रोहबरमा स्थलगत सर्जमिन मुचुल्कासमेत तयार पारिएको संघर्ष समितिले जनाएको छ। यी सबै प्रक्रिया पूरा भएपछि नेपाल सरकार मन्त्रिपरिषद्ले २०८३ जेठ ५ गते ढल्केवरमा ट्रमा सेन्टर निर्माणका लागि उक्त जग्गा उपयोग गर्ने अन्तिम स्वीकृति दिएको स्थानीयको दाबी छ। त्यसको केही समयपछि भूमि प्रशासन कार्यालय ढल्केवरले चार बिघा तीन धुर जग्गा उपयोग गर्न पाउने प्रमाणपत्रसमेत जारी गरेको उनीहरू बताउँछन्।

यति लामो प्रक्रिया पूरा भइसकेपछि लहानमा ट्रमा सेन्टर स्थापना गर्ने सरकारी घोषणा आएपछि स्थानीय आक्रोशित भएका हुन्। उनीहरू ढल्केवरको आयोजना रद्द गर्ने वा स्थानान्तरण गर्ने निर्णय स्वीकार्य नहुने बताउँदै आएका छन्। संघर्ष समितिका संयोजक तथा मिथिला नगरपालिकाका प्रमुख महेन्द्र महतोले ढल्केवरको ट्रमा सेन्टर कुनै व्यक्तिको निजी योजना नभई सरकारकै निर्णय र लामो प्रशासनिक प्रक्रियाबाट अघि बढेको आयोजना भएको बताए। उनले आयोजना निर्माणका लागि बजेट विनियोजन, जग्गा व्यवस्थापन र मन्त्रिपरिषद्बाट स्वीकृतिसम्मको प्रक्रिया पूरा भइसकेकाले अब अन्यत्र सार्ने प्रयास स्वीकार्य नहुने बताए। माग सम्बोधन नभए आन्दोलन थप सशक्त बनाउने चेतावनीसमेत उनले दिएका छन्।

ढल्केवरको विषय संघीय संसद्मा समेत उठेको छ। धनुषाबाट प्रतिनिधित्व गर्ने नेपाली कांग्रेसका समानुपातिक सांसद प्रा. डा. चन्द्रमोहन यादवले प्रतिनिधिसभामा ढल्केवरमा अघि बढाइएको आयोजनाको अवस्थाबारे सरकारसँग जवाफ मागेका छन्। सांसद यादवले लहानमा ट्रमा सेन्टर स्थापना गर्ने विषयमा आफूहरूको विरोध नरहेको तर ढल्केवरमा सरकारले यसअघि नै घोषणा गरी बजेट तथा जग्गाको प्रक्रिया अघि बढाइसकेको आयोजनाको अवस्था स्पष्ट पार्नुपर्ने बताएका छन्। उनले ढल्केवरको आयोजनालाई निरन्तरता दिनुपर्ने माग गरेका छन्। विरोध बढेपछि स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्री निशा मेहताले सामाजिक सञ्जालमार्फत ढल्केवरको ट्रमा सेन्टर योजना रद्द नगरिएको स्पष्टीकरण दिएकी छन्।

लहानमा ट्रमा सेन्टर स्थापना गर्ने घोषणा भए पनि ढल्केवरको योजना कायमै रहेको र दुवै स्थानमा योजना अघि बढाउने आशय उनको स्पष्टीकरणमा देखिन्छ।

तर, आन्दोलनरत स्थानीयले भने मन्त्रीको स्पष्टीकरणले आफूहरूको आशंका पूर्ण रूपमा हटाउन नसकेको बताएका छन्। ढल्केवरको योजना यथावत् भए त्यसको बजेट, निर्माण प्रक्रिया र कार्यतालिका तत्काल सार्वजनिक गर्नुपर्ने उनीहरूको माग छ। लिखित रूपमा आयोजना यथावत् रहेको सुनिश्चित नभएसम्म आन्दोलन जारी राख्ने संघर्ष समितिले जनाएको छ। पूर्वपश्चिम राजमार्गसँग जोडिएको ढल्केवर धनुषासहित मधेश प्रदेशकै महत्वपूर्ण यातायात केन्द्र मानिन्छ। दैनिक ठूलो संख्यामा सवारीसाधन आवतजावत गर्ने यस क्षेत्रमा सडक दुर्घटनाको जोखिम उच्च रहेको स्थानीयको भनाइ छ।

दुर्घटनामा गम्भीर घाइतेलाई तत्काल जनकपुरधाम वा अन्य ठूला सहरका अस्पतालमा लैजानुपर्ने बाध्यता रहेकाले ढल्केवरमै अत्याधुनिक ट्रमा सेन्टर आवश्यक रहेको उनीहरूको तर्क छ।

अहिलेको विवादको केन्द्रमा भने सरकारले ढल्केवरमा अघि बढाएको आयोजना यथावत् राख्ने हो कि लहानमा सार्ने हो भन्ने प्रश्न छ। सरकारले ढल्केवरको योजना रद्द नभएको बताए पनि बजेट, निर्माण प्रक्रिया र कार्यान्वयनको स्पष्ट कार्यतालिका सार्वजनिक नगर्दासम्म स्थानीयको आशंका हट्ने अवस्था देखिएको छैन। वर्षौंको प्रशासनिक तथा कानुनी प्रक्रिया पूरा गरिसकेको आयोजनाको भविष्य अन्योलमा परेपछि स्थानीय आन्दोलनमा छन् भने विषय संसद्सम्म पुगेको छ। यस्तो अवस्थामा सरकारले ढल्केवर र लहान दुवै आयोजनाको स्पष्ट योजना, बजेट र कार्यान्वयनको समयसीमा सार्वजनिक गरी विवादको निकास दिनुपर्ने देखिन्छ।

# लिटिल बडी प्रिस्कूलका शिक्षकलाई प्रभावकारी शिक्षण अभ्याससम्बन्धी प्रशिक्षण



**मधेशदृष्टि**
**वीरगंज।**
लिडरशिप डेभलपमेन्ट इन्स्टिच्युट अफ नेपाल (एल. डी. आई.) को आयोजनामा लिटिल बडी प्रिस्कूल, वीरगंजका शिक्षकहरूका लागि प्रभावकारी शिक्षण अभ्याससम्बन्धी अर्धदिवसीय प्रशिक्षण कार्यक्रम सम्पन्न भएको छ। बालबालिकाको सिकाइ, व्यवहार तथा समग्र विकासलाई थप प्रभावकारी बनाउन शिक्षकहरूको व्यावसायिक क्षमता अभिवृद्धि गर्ने उद्देश्यले आयोजित प्रशिक्षणमा 'समयपालना तथा जिम्मेवार कार्यशैली, अभिभावकसँग प्रभावकारी सञ्चार, टिमवर्क तथा समन्वय, सञ्चारको उचित श्रृंखला, नियमित कार्य जाँच तथा निरीक्षण, रिपोर्टिङ र जवाफदेहिता' लगायतका विषयमा प्रशिक्षण दिइएको थियो।

लिटिल बडी प्रिस्कूलका प्रिन्सिपल विजय कुमार बलका अनुसार प्रशिक्षणमा उल्लेखित विषयहरूलाई चार मुख्य मोड्युलअन्तर्गत समेटिएको थियो। प्रशिक्षणका क्रममा सहभागी शिक्षकहरूले कक्षाकोठामा देखिने विभिन्न परिस्थिति तथा आफ्ना अनुभवहरू आदानप्रदान गर्दै बालबालिकाको सिकाइ र व्यवहारलाई प्रभावकारी बनाउन अपनाउन सकिने शिक्षण अभ्यासबारे छलफल गरेका थिए। कार्यक्रममा एल. डी. आई. नेपालका प्रशिक्षक अनिल जयसवालले प्रशिक्षण दिएका थिए। उनले प्रारम्भिक बालशिक्षामा शिक्षकको भूमिका कक्षाकोठामा पढाउने कार्यमा मात्र सीमित नरहने बताउँदै समयपालना, सकारात्मक अभिभावक सञ्चार, आपसी सहकार्य, नियमित अनुगमन र निरन्तर सुधार प्रभावकारी शिक्षण वातावरण निर्माणका महत्वपूर्ण आधार भएको उल्लेख गरे।

प्रशिक्षणले शिक्षकहरूलाई आफ्ना दैनिक कार्यशैली, कक्षाकोठाको अभ्यास तथा बालबालिकासँगको व्यवहारलाई थप व्यवस्थित र प्रभावकारी बनाउने विषयमा अनुभव तथा ज्ञान आदानप्रदान गर्ने अवसर प्रदान गरेको थियो। एल. डी. आई. नेपालले विद्यालय तथा शिक्षकहरूको क्षमता अभिवृद्धि गर्दै प्रभावकारी, बालकेन्द्रित र गुणस्तरीय शिक्षण अभ्यास विकास गर्ने उद्देश्यले यस्ता प्रशिक्षण तथा क्षमता विकास कार्यक्रमलाई निरन्तरता दिँदै आएको जनाएको छ।

# लागुऔषध गाँजासहित एकजना पक्राउ



**मधेशदृष्टि**
**वीरगंज।**
पर्साको विन्दवासिनी गाउँपालिकाबाट गाँजासहित एक जनालाई प्रहरीले पक्राउ गरेको छ। विन्दवासिनी गाउँपालिका–४ मधवलस्थित इटियाही–मधवल सडकखण्डबाट ३९ किलो २ सय ५० ग्राम गाँजा जस्तो देखिने पदार्थसहित एक जनालाई पक्राउ गरिएको सशस्त्र प्रहरीले जनाएको छ। शनिबार राति करिब पौने १२ बजे वि.ओ.पी. अमरपट्टी, वि.ओ.पी. प्रसौनीभाठा र प्रहरी चौकी अमरपट्टीको संयुक्त टोलीले विशेष सूचनाका आधारमा चेकजाँच तथा निगरानी गरिरहेको थियो।

सो क्रममा इटियाहीबाट मधवलतर्फ आउँदै गरेका व्यक्तिहरूले प्रहरी टोलीलाई देखेपछि तीन वटा मोटरसाइकल र तीन वटा झोला झाडीमा फालेर भागेका थिए।

प्रहरीले तीमध्ये एक जनालाई नियन्त्रणमा लिएर झोला जाँच गर्दा गाँजा जस्तो देखिने पदार्थ फेला पारेको हो। पक्राउ परेका व्यक्ति, बरामद पदार्थ र मोटरसाइकललाई आवश्यक अनुसन्धान तथा कारबाहीका लागि प्रहरी चौकी अमरपट्टीमा बुझाइएको सशस्त्र प्रहरी बल नेपाल १३ न. गण पर्साका प्रवक्ता सशस्त्र प्रहरी नायब उपरीक्षक मोहनराज निरौलाले जानकारी दिए।

# ट्राफिक व्यवस्थापन र सडक सुरक्षासम्बन्धी छलफल



**मधेशदृष्टि**
**वीरगंज।**
जेन–जी पर्साको टोलीले जिल्ला ट्राफिक प्रहरी कार्यालय, पर्साका प्रमुख दीपेन्द्र श्रेष्ठसँग भेटघाट गरी वीरगंज तथा पर्सा जिल्लाको ट्राफिक व्यवस्थापन र सडक सुरक्षासम्बन्धी विषयमा छलफल गरेको छ। वीरगंजका विभिन्न स्थानमा सडकसीमा विस्तार तथा भत्काउने कार्य भइरहेकाले सवारीसाधन र सर्वसाधारणको आवागमनमा पर्न सक्ने समस्या न्यूनीकरण गर्दै प्रभावकारी ट्राफिक व्यवस्थापन गर्ने विषयमा छलफल भएको हो। सडक निर्माण भइरहेको स्थानमा ठूला सवारीसाधनको आवागमनलाई व्यवस्थापन गर्ने, जोखिमयुक्त स्थानमा सावधानी अपनाउने तथा सम्भावित सडक दुर्घटना न्यूनीकरणका लागि आवश्यक उपाय अवलम्बन गर्नु विषयमा छलफल भएको छ। सो अवसरमा जिल्ला ट्राफिक प्रहरी कार्यालय, पर्साका प्रमुख प्रहरी निरिक्षक दीपेन्द्र श्रेष्ठले नागरिकको सहज र सुरक्षित आवागमनका लागि आवश्यक समन्वय एवं ट्राफिक व्यवस्थापनमा ध्यान दिने प्रतिबद्धता व्यक्त गरेका थिए।

जिल्ला ट्राफिक प्रहरी कार्यालय वीरगंजमा भएको छलफलमा जेन–जी पर्साका संयोजक विशेष साह, लालबाबु यादव, रवि चौरसिया, सागर सहनी, शिव पटेल, सुशील पटेललगायतको सहभागिता थियो।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन